

# विश्व

**दुस्प्रभाव**
कालो गर्धन भएका लोपोन्मुख प्रजातिका पंक्षीको सूचीमा पर्ने स्टार्क। दिल्लीबाहिर एक दलदलमा देखिएका उक्त पंक्षीको चुच्चोमा प्लास्टिकको चक्का छिरेकाले उसले चुच्चो खोल्न सकिरहेको थिएन।



**निर्माण**
चीनको यांगजी नदीमा दुई डेकरको पुल निर्माणमा काम गरिरहेका कामदार।



2018, JUN
Thursday
14

विश्व २ मिनेट

**क्यानाडा**

## चीनमाथि आरोप

टोरोन्टो, (एजेन्सी)

क्यानाडाको सुरक्षा गुप्तचर सेवा (सीएसआईएस)ले आफनो आर्थिक सम्बन्ध र प्रभावको प्रयोग गर्दै चीनले सहयोगी देशको राजनीतिक मामिलामा हस्तक्षेप गरिरहेको दाबी गरेको छ। चीनका सम्बन्धमा लोकतान्त्रिक प्रणालीमा विदेशी हस्तक्षेपको खतराका विषयमा सीएसआईएसको रिपोर्टमा विस्तृतरुपमा चर्चा गरिएको छ। प्रतिवेदनमा स्पष्ट शब्दमा चीनले आफ्नो फाइदाका लागि न्युजिल्यान्डलाई निसाना बनाइरहेको उल्लेख गरको छ। चीनको राजनीतिक हस्तक्षेपसम्बन्धी गतिविधि अब 'गम्भीर स्तर'मा पुगिसकेको टोरोन्टो सन्डे गार्डियनले एक लेखमा उल्लेख गरेको छ।

**भारत**

## अपाचे हेलिकप्टर बेच्ने

नयाँ दिल्ली, (एजेन्सी)

अमेरिकाले भारतलाई १३ करोड डलर मूल्य बराबरको ६ एएच-६४ अपाचे अट्याक हेलिकप्टर बिक्री गर्न स्वीकृत गरेको छ। अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले यसबाट भारतको आन्तरिक तथा क्षेत्रीय खतरासँग लड्ने क्षमतामा वृद्धि हुने जनाएको छ। अपाचे हेलिकप्टर सेन्सरको सहयोगबाट राति पनि उडाउन सक्छ। पेन्टागनको डिफेन्स सेक्युरिटी कोपरेसन एजेन्सीले यस सम्बन्धमा विदेश मन्त्रालयको निर्णयका विषयमा सूचित गरेको छ। यदि कुनै सांसदले यसको विरोध नगरेमा बिक्री प्रक्रिया अगाडि बढ्ने अपेक्षा गरिएको छ। उक्त हेलिकप्टरसँगै अन्य सैन्य उपकरण तथा प्रणाली पनि बिक्री गर्ने सूचीमा समावेश गरिएका छन्।

**मालदिभ्स**

## गयुमलाई जेल सजाय

माले, (एजेन्सी)

मालदिभ्सको एक अदालतले सरकार अपदस्थ गर्ने षड्यन्त्र गरेको आरोपलाई लिएर प्रहरी अनुसन्धानलाई सहयोग नगरेकामा एक पूर्व प्रभावशाली राजनेतालाई १९ महिनाको जेल सजाय सुनाएको छ। हिन्द महासागरस्थित उक्त सानो टापु राष्ट्रमा सन् १९७८ देखि सन् २००८ सम्म शासन गरेका मौमुन अब्दुल गयुम वर्तमान राष्ट्रपति यामिन अब्दुल गयुमको शासनकालमा जेल जाने दोस्रो पूर्वराष्ट्रपति हुन्। गत फेब्रुअरीमा आफ्ना सौतेला भाइ यामिनको सरकार अपदस्थ गर्ने प्रयास गरेको आरोपमा उनलाई गिरफ्तार गरिएको थियो।

**अमेरिका**

## अनौथो वलय

हवाइ, (एजेन्सी)

खगोलशास्त्रीहरूले हाम्रो आकाशगंगा मिल्की वेको अत्यन्त विशाल ब्ल्याक होल नजिकै कैयौं अनौठा वस्तु फेला पारेका छन्। ग्याँसको बादलजस्तो देखिने ती वस्तु तारा भएको विश्वास गरिएको छ। हवाइस्थित किक अब्जभेटरीबाट देखिएका डाटाको प्रयोगबाट अनुसन्धानकर्ताले कैयौं आकाशीय वलयहरू फेला पारेका हुन्। ती सबै मिल्की वेको केन्द्रमा रहेको विशाल ब्ल्याक होलको अत्यन्तै नजिक रहेका छन्। टाँस्सिएका धुलोका ती अन्तरब्रह्माण्डीय वलयहरू अत्यन्त तीव्र गतिमा ब्ल्याक होल नजिकै घुमिरहेको सोधका प्रमुख लेखक अन्ना सिउर्लोले बताइन्।

### सिंगापुर शिखर वार्ता

# सैन्य अभ्यास अन्त्य गर्ने ट्रम्पको घोषणाले पेन्टागन अलमलमा

सोल/वासिङटन (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उन सँगको शिखर वार्तापछि गरेको कोरियाली प्रायद्वीपमा सैन्य अभ्यास बन्द गर्ने घोषणाले उनको सहयोगी देश दक्षिण कोरिया मात्र नभएर पेन्टागन पनि अलमलमा परेको बताइएको छ। सिंगापुरमा ट्रम्पको घोषणाको केहि घन्टा नबित्दै दक्षिण कोरियामा तैनाथ अमेरिकी सैन्य अधिकारीले अहिले पनि सैन्य अभ्यासको तयारी भइरहको बताएका थिए। यस सम्बन्धमा निर्देशन नआएसम्म तयारी प्रक्रिया जारी रहने उनीहरूले बताएका थिए। सन् २०१५ देखि अमेरिका र दक्षिण कोरियाबीच हुने सैन्य अभ्यासलाई उल्ची फ्रिडम गार्डियन (युएफजी) भन्ने गरेको छ।

दक्षिण कोरियामा अमेरिकी सेनाका प्रवक्ता लेफ्टिनेन्ट कर्नेल जेनिफर लवेटले एक इमेलमा भनेका छन्- 'यहाँ अमेरिकी कमान्डलाई सैन्य अभ्यास रोक्ने सम्बन्धमा कुनै निर्देशन प्राप्त भएको छैन। जबसम्म हामीलाई रक्षा मन्त्रालयबाट कुनै अपडेट प्राप्त हुँदैन तबसम्म यो स्थितिलाई अगाडि बढाइनेछ।' वासिङटनमा पेन्टागन, विदेशमन्त्रालय र ह्वाइट हाउसका अधिकारी अहिलेसम्म ट्रम्पको घोषणाको असर थाहा पाउन लागिरहेका छन्। पेन्टागनका प्रवक्ता क्रिस्टोफर लोगनले एक इमेलमा भनेका छन्- 'रक्षा मन्त्रालय ह्वाइट हाउससँग मिले आफ्ना सहयोगीसँग भविष्यमा काम गरिरहनेछ। पछि जानकारी प्राप्त भएपछि हामी यस विषयमा थप सूचना उपलब्ध गराउनेछौं।'

ट्रम्प र किमको सफल बैठकको सराहना गर्दै दक्षिण कोरियाका राष्ट्रपति मुन जेइ इनले यसबाट अन्तिम शीतयुद्ध समाप्त हुने बताएका छन्। तर सोलसँग सैन्य अभ्यास बन्द गर्ने ट्रम्पको प्रतिबद्धताले कैयौं दक्षिण कोरियाली स्तब्ध छन्। वार्षिक सैन्य अभ्यास गठबन्धनको एक अभिन्न हिस्सा रहेको छ। उक्त सैन्य अभ्यासको उद्देश्य उत्तर कोरियाविरुद्ध दक्षिण कोरियालाई आफ्नो रक्षाका लागि तयार पार्नु र सोललाई क्षेत्रका ठूला शक्तिबाट सुरक्षित राख्नु हो।

ट्रम्पको घोषणापछि दक्षिण कोरियाली राजधानीमा यस विषयलाई लिएर उत्तर कोरियाको परमाणु हतियार नष्ट गर्नु अगाडि नै वासिङटनले उक्त प्रतिबद्धता दिन हतार गरेको अनुमान गरेका छन्। दक्षिण कोरियाली रक्षा मन्त्रालयले तत्काल बयान जारी गरी ट्रम्पको मनसाय बुझ्ने प्रयास भइरहेको जनाएको छ। जापानको रक्षा मन्त्रालयले पनि बुधबार दक्षिण कोरिया र अमेरिकाको संयुक्त सैन्य अभ्यास पूर्वएसियाली देशको सुरक्षाका लागि अत्यन्त आवश्यक भएका जनाएको छ। रक्षामन्त्री इत्सुनोरी आनोदेराले पत्रकारलाई भने- 'हामी यस मुद्दामा जापान, अमेरिका र दक्षिण कोरियाबीच समन्वय स्थापित गर्ने प्रयास गर्नेछौं।'

**प्रतिबन्ध फिर्ता गर्न ट्रम्प राजी भएको दाबी**

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प उत्तर कोरियामाथि लगाइएको प्रतिबन्ध हटाउनका लागि राजी भएको र देशको सुरक्षाको ग्यारेन्टी पनि दिएको उत्तर कोरियाली सरकारी समाचार एजेन्सी केसीएनले दाबी गरेको छ। सिंगापुरमा उत्तर कोरियाली नेता किमसँगको ऐतिहासिक शिखर वार्तापछिको पत्रकार सम्मेलनमा ट्रम्प प्रस्ट शब्दमा परमाणु हतियार नष्ट गर्ने विषयमा विश्वास दिलाएपछि मात्र उत्तर कोरियामाथिको आर्थिक प्रतिबन्ध हट्ने बताएका थिए।

केसीएनले आफ्नो रिपोर्टमा किमले डोनाल्ड ट्रम्पको ह्वाइट हाउस आउन दिएको निमन्त्रणा पनि स्वीकार गरेको जनाएको छ। ट्रम्पले दक्षिण कोरियासँगको सैन्य अभ्यास रोक्नेलगायत उत्तर कोरियामाथि लगाइएका प्रतिबन्ध फिर्ता लिने संकेत दिएको पनि समाचारमा उल्लेख गरेको छ। यद्यपि उक्त दाबीको अहिलेसम्म पुष्टि हुन सकेको छैन। यस विषयमा ह्वाइट हाउसले पनि कुनै बयान दिएको छैन। ट्रम्पले मंगलबार सिंगापुरमा कोरियाली प्रायद्वीपको वार गेम्स अन्त्य हुने बताएका थिए। उनले उत्तर कोरियालाई दबाब बनाइराख्न प्रतिबन्ध भने जारी रहने बताएका थिए।

## उत्तर कोरिया अब परमाणु खतरा होइन : *ट्रम्प*

वासिङटन (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्वदेश फिर्तालगत्तै किम जोङ उनसँग सिंगापुरमा भएको आफ्नो बैठकको उल्लेख गर्दै पहिले सोचिएको जस्तो उत्तर कोरियाबाट अब कुनै परमाणु खतरा नभएको ट्विटमा उल्लेख गरका छन्।

आफ्ना पूर्ववर्ती बाराक ओबामामाथि व्यंग्य गर्दै उनले उत्तर कोरिया सबैभन्दा ठूलो समस्या भएको बताएको तर सिंगापुरमा सम्पन्न बैठकपछि त्यस्तो नभएको उनले बताए। 'लामो यात्रापछि अहिले फर्केको छु, तर अब जसले पनि ती दिनको भन्दा धेरै सुरक्षित महसुस गर्न सक्छ, जुनबेला मैले पद ग्रहण गरेको थिएँ। उत्तर कोरियाबाट अब परमाणु खतरा छैन। किम जोङ उनसँग मेरो बैठक रोचक थियो र अत्यन्तै सकारात्मक अनुभव रह्यो। उत्तर कोरियामा भविष्यमा पर्याप्त सम्भावना छ' -ट्रम्पले भनेका छन्।

आफ्नो अर्को ट्विटमा ओबामामाथि आक्रामक हुँदै ट्रम्पले भने- 'मेरो पद ग्रहण गर्नुअगाडि जनता उत्तर कोरियासँग युद्ध गर्न गइरहेको सोच्थे। राष्ट्रपति बाराक ओबामाले उत्तर कोरिया सबैभन्दा ठूलो खतरनाक समस्या बताएका थिए। अब छैन। राति आरामले सुत्नुस्। सिंगापुर शिखर वार्तामा किमले परमाणु हतियारको पूर्ण निशस्त्रीकरणको प्रतिबद्धता व्यक्त गरेका थिए।

# किटनासक औषधिको कारण अण्डा फिर्ता



बर्लिन, (एजेन्सी)

प्रयोगशाला परीक्षणबाट अण्डामा किटनाणक औषधि फिप्रोनिलको अवशेष देखिएको पाइएपछि ६ वटा जर्मन राज्यका बजारमा बिक्रीका लागि राखिएका करिब ७३ हजार अण्डा फिर्ता लिइएको छ।

तर लोअर सयक्सोनीका कृषि अधिकारीले नेदरल्यान्डको अर्गानिक फार्मबाट आएका ती अण्डा मानव स्वास्थ्यका लागि हानिकारक वा खतरा नरहेको दाबी गरेका छन्। जनावरको जुम्रा मार्नका लागि फिप्रोनिलको प्रयोग गरिने गरिन्छ। तर युरोपेली संघ (इयू) ले कुखुराजस्ता जनावरमा यसको प्रयोगमाथि प्रतिबन्ध लगाएको छ। फिप्रोनिल आतंककै कारण गतवर्ष युरोपभरिका सुपरमार्केटबाट लाखौं संख्यामा अण्डा नष्ट गरिएको थियो।

सरकारी अधिकारीले जर्मन शहर भेच्टाको प्याकेजिंग स्थलमा अण्डामा यस किटनासक औषधिको अवशेष भेटिएको दाबी गरेका छन्। सो अवशेष युरोपेली संघद्वारा निर्धारण गरेको प्रति किलोग्राममा ० दशमलव ००५ मिलिग्रामको स्तरभन्दा माथि रहेको बताइएको छ। तर मानव स्वास्थमा हानी पुऱ्याउन त्यसको स्तर कम्तिमा ० दशमलव ०१९ मिलिग्राम प्रतिकेजि हुनुपर्ने विशेषज्ञको दाबी रहेको छ।

ती अण्डा १७ मे देखि ४ जुनको बीचमा जर्मनी आइपुगेको अनुमान गरिएको छ। कुन स्रोतबाट अण्डा संक्रमित हुन पुगेको भन्नेबारे व्यापक अनुसन्धान भइरहेको छ। ती अण्डामाथि गरिएको दोस्रो प्रयोगशाला परीक्षणको परिणाम आगामी सातासम्ममा आइसक्ने आशा गरिएको छ। गतवर्ष यस्तै समस्याका कारण डच कुखुरा पालन नराम्ररी प्रभावित हुन पुगेको थियो। जसको कारण लाखौं संख्यामा अण्डा नष्ट गरिनुपरेको थियो। त्यहीबेला बन्द गरिएका १० वटा कुखुरापालन केन्द्र अझैसम्म खुलिसकेको छैन।

डच खाद्यान्न तथा उपभोक्ता सुरक्षा निकाय एभीडब्ल्युएले फिप्रोनिल कान्ड र अहिले बर्ड फ्लुको सन्त्रासको कारण कृषकले कुखुरालाई खोरबाटै ननिकालिकन राख्नुसँग केही सम्बन्ध छ वा छैन भन्नेबारे पनि अनुसन्धान भइरहेको जनाएको छ।

# स्तनपान नगराउनु पनि महिला अधिकार



लन्डन, (एजेन्सी)

बेलायतको रोयल कलेज अफ मिडवाइभ्स (आरसीएम) ले यदि कुनै पनि महिलाले आफ्नो बच्चालाई स्तनपान नगराउने निर्णय गर्छिन् भने त्यसलाई पनि सम्मान गरिनुपर्ने जनाएको छ।

यदि महिलाले फर्मुला मिल्क प्रयोग गरी बच्चालाई बोतलबाट दूध पिलाउने इच्छा राख्छन् भने त्यो तिनीहरूको मानव अधिकारभित्र पर्ने विषय भएको पनि यस कलेजले जारी गरेको एक विज्ञप्तिमा जनाइएको छ। तर तिनीहरूलाई बातलबाट दूध पिलाउने सम्बन्धमा पनि आवश्यक सरसल्लाह, सूचना र सहयोग प्रदान गरिनुपर्ने बताइएको छ।

तर आरसीएमले स्तनपान भनेको स्तनपान नै रहेको र यसको फाइदा कतै दाँज्न नसकिने भएकाले अहिले केही महिला जसरी भए पनि आफ्ना सन्तानलाई स्तनपान गराउन संघर्षरत रहेको पनि जनाएको छ। तर तिनीहरूको छनौटलाई पनि पवर्द्धन गरिनुपर्ने जनाइएको छ।

नेसनल चाइल्ड वर्थ ट्रस्टले आफ्ना बच्चालाई स्तनपान गराउने विषयमा महिलामाथि परिवार, साथीभाइलगायत नचिन्ने व्यक्तिले समेत अस्वीकार्यस्तरमा दबाब आइरहने गरेको जनाएको छ। सन् २०१६ मा लिभरपुल विश्वविद्यालयका अनुसनधानकर्ताले यस विषयमा भर्खरै आमा बनेका १ हजार ६ सय जनाभन्दा बढी महिलाको अनुभवमाथि अध्ययन गरेका थिए।

# अलपत्र गमला १ करोड २० लाख युरोमा लिलाम



पेरिस, (एजेन्सी)

फ्रान्समा दशकौंसम्म एउटा जुत्ता राख्ने बाकसमा बेवास्ता गरी राखिएको अठारौं शताब्दीको एउटा चिनियाँ गमला १ करोड ६२ लाख युरोमा बिक्री भएको छ। मंगलबार फ्रान्सको राजधानी पेरिसको सोथविजमा यसको अनुमानित मूल्य ५ देखि ७ लाख युरोभन्दा २० गुणा बढीमा यो लिलाम भएको हो।

अहिलेसम्मकै पहिलो पटक फ्रान्सको सोथविजमा एउटै वस्तु यति धेरै महंगो मूल्यमा लिलाम भएको स्थानीय सञ्चार माध्यमले जनाएको छ। एउटा परिवारको पैतृक सम्पत्तिको रुपमा रहेको यो गमला हालसालै एउटा घरको माथिल्लो `तल्लामा अलपत्र अवस्थामा फेला परेको थियो।

सोथविजका एसियाली कला विशेषज्ञ ओलिभर भाल्मिरले भनेका छन्- 'ट्रेन, मेट्रो र विभिन्न घरघर हुँदै हिंडेर यात्रा तय गर्दै अन्ततः सुथविजको मेरो कार्यालयसम्म आइपुगेको जुत्ता राख्ने कागजको बाकसभित्र रहेको यस गमलाले आज अखबार तताउन सफल भएको छ।'

एक महिला मालिकले ल्याइपुऱ्याएको यसलाई बाकसबाट निकालेर हेर्दा यसको सौन्दर्यबाट हामी आश्चर्यचकित बन्यौं। यो कलाको अनुपम नमुना हो। चिम आकारको ३० सेन्टिमिटर अग्लो यो हरियो, नीलो, पहेँलो र प्याजी रंग पोतिएको गमला किङ वंशका एकजना सम्राटका लागि बनाइएको दाबी गरिएको छ।

यसमा जंगलाका हरिण, पन्छी र अन्य जनावर चित्रित गरिएको छ भने यसको घाँटीमा सुन पोतिएको छ। यसमा सन् १७३६ देखि १७९५ सम्म चीनमा शासन गर्ने सम्राट क्वियान लोङको प्रमाण अंकित छ। सोथविजका प्रवक्ताले मात्र २० मिनेट लामो लिलाम बढाबढमा यो गमला बिक्री भएको `जानकारी दिएका छन्।